

‘मेरो देश’लाई नियालेर हेर्दा

✍ विमल लामिछाने

(२)


**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९



जि.प्र.का.झापा द.नं.६९। ०५७/०५८ सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com






❑ वर्ष-२१ ❑ अंक - १५७ ❑ २०८३ जेठ ३० गते शनिबार ❑ Saturday, 13 June, 2026 ❑ मूल्य ७ /-


## विद्युत समस्या समाधानका लागि छलफल

**उर्लाबारी /** मोरङ क्षेत्र नम्बर ६ की प्रतिनिधि सभा सदस्य (सांसद) रूबीना आचार्यले आफ्नो निर्वाचन क्षेत्रमा लामो समयदेखि देखिँदै आएको विद्युत सम्बन्धी समस्या समाधानका लागि विशेष पहल सुरू गरेकी छन् । समय-समयमा बत्ती जाने (लोडसेडिङ), लो भोल्टेज तथा नयाँ विद्युत मिटरको अभाव जस्ता समस्याबाट सर्वसाधारण आजित भइरहेका बेला सांसद आचार्यले नेपाल विद्युत प्राधिकरण, बेलबारी शाखामा पुगेर कार्यालय प्रमुख तथा कर्मचारीहरूसँग सरोकारवाला छलफल गरेकी हुन् ।

## युएईमा झापाका युवाको मृत्यु

दमक/ वैदेशिक रोजगारीका लागि संयुक्त अरब इमिरेट्स (यूएई) पुगेका झापाका एक युवाको दुबईमा भएको सडक दुर्घटनामा मृत्यु भएको छ । कनकाई नगरपालिका-स्थित लक्ष्मीपुरका २६ वर्षीय विवेक बस्नेतको दुर्घटनामा ज्यान गएको परिवारले जनाएको छ ।

परिवारका अनुसार जेठ १२ गते दुबईमा भएको सडक दुर्घटनामा बस्नेतको मृत्यु भएको थियो। दुर्घटनापछि आवश्यक कानुनी प्रक्रिया पूरा गर्न समय लागेकाले १५ दिनपछि मात्र उनको शव नेपाल ल्याइएको हो । बस्नेतको अन्त्येष्टि बिहीबार कनकाईस्थित आर्यघाटमा गरिने परिवारले जनाएको छ ।

## वरिष्ठ नेताहरूको सदस्यता स्वत : अद्यावधिक

दमक / नेपाली कांग्रेसले १५औँ महाधिवेशनको तयारीस्वरूप क्रियाशील सदस्यता अद्यावधिक गर्ने अन्तिम म्याद जेठ २८ गते राति १२ बजेसम्म तोकिए पनि वरिष्ठ नेताहरूको सदस्यता स्वतः अद्यावधिक गरिने नीति लिएको जनाएको छ ।

पार्टीको क्रियाशील सदस्यता व्यवस्थापन समितिका संयोजक तथा महामन्त्री प्रदीप पौडेलले जेठ २६ गतेसम्मको तथ्यांकअनुसार ४ लाख २३ हजार २३७ सदस्यले आफ्नो सदस्यता अद्यावधिक गरिसकेको बताए । उना अनुसार अद्यावधिक गर्न योग्य ७ लाख ८२ हजार २०९ सदस्यमध्ये १ लाख १ हजार ३०९ जनाले फारम पेश गरी प्रक्रिया अगाडि बढाएका छन् । यसअघि वैशाख मसान्तसम्म तोकिएको म्याद पटक-पटक थप्दै जेठ २८ गतेसम्म पुऱ्याइएको हो ।

अझै २ लाख ५७ हजार ६६३ सदस्यले अद्यावधिक प्रक्रिया सुरू गरेका छैनन् । त्यस्तै, १ लाख ३ हजार २५२ जनाले अनलाइन आवेदन दिए पनि सम्बन्धित वडा सभापतिबाट स्वीकृति पाएका छैनन् ।

### ३९ जना विरुद्ध सम्पत्ति शुद्धीकरण मुद्दा दर्ता

# १ खर्ब ६ अर्ब बढीको बिगो दाबी

◆ दीपक भट्ट र सुलभ अग्रवाल मुख्य आरोपित ◆ भट्टविरूद्ध २६ अर्ब ६३ करोड र अग्रवालविरूद्ध २५ अर्ब ५९ करोड रूपैयाँभन्दा बढी बिगो दाबी ◆ बीमा, बैंकिङ र धितोपत्र क्षेत्रका संस्था मुछिए

✍ खगेन्द्र कार्की

दमक । नेपालमा पहिलो पटक इतिहासकै ठूलो सम्पत्ति शुद्धिकरण मुद्दा विशेष अदालतमा दर्ता भएको छ । धितोपत्र, बीमा र बैंकिङ क्षेत्रसँग सम्बन्धित गैरकानुनी कारोबारमार्फत सम्पत्ति आर्जन गरेको आरोपमा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले सम्पत्ति शुद्धीकरण मुद्दा विशेष अदालतमा दर्ता गरेको छ । विभागले एकै पटक ३९ जना व्यवसायी, कम्पनी सञ्चालक, उच्चपदस्थ कर्मचारी तथा नियामक निकायका पूर्वअधिकारीलाई प्रतिवादी बनाउँदै १ खर्ब ६ अर्ब २ करोड ५० लाख १० हजार ७४७ रूपैयाँ बिगो दाबी गरेको यो नेपालको इतिहासमा पहिलो पटक हो ।

बिहीबार विशेष अदालतमा दायर गरिएको अभियोगपत्रमा प्रतिवादीहरूबाट बिगो बराबरको सम्पत्ति जफत गर्नुपर्ने, बिगोको दोब्बरसम्म जरिवाना र कानुनअनुसार कैद सजाय हुनुपर्ने माग गरिएको छ । धितोपत्र बजारमा चलखेल, बीमा कम्पनीहरूमा अनियमित लगानी, इन्साइडर कारोबार तथा वित्तीय प्रणालीको दुरूपयोग गरी गैरकानुनी सम्पत्ति आर्जन गरिएको विभागको निष्कर्ष छ ।

मुद्दाको केन्द्रमा हिमालयन रि-इन्स्योरेन्स, नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी, हिमालयन सेक्युरिटिज बैंकर, हिमालयन क्यापसर्भ, एचएलआई लार्ज क्याप फन्ड तथा हिमालयन इन्भेष्टमेन्ट बैंकरसँग सम्बन्धित व्यक्ति तथा संस्थाहरू रहेका छन्। अनुसन्धानले यी संस्थासँग आबद्ध केही सञ्चालक, कर्मचारी र नियामक निकायका पदाधिकारीहरूको मिलेमतोमा वित्तीय अनियमितता भएको दाबी गरेको छ ।

सबैभन्दा बढी बिगो दाबी धितोपत्र बजारमा सेयर कर्नरिङ र मूल्य चलखेलमार्फत सम्पत्ति आर्जन गरेको आरोप लागेका व्यवसायी दीपक भट्टसँग गरिएको छ। हाल प्रहरी हिरासतमा रहेका भट्टविरूद्ध २६ अर्ब ६३ करोड रूपैयाँभन्दा बढी बिगो दाबी गरिएको छ । उनलाई गत चैतमा केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) ले पक्राउ गरेको थियो ।

भट्टका व्यावसायिक साझेदार तथा शंकर ग्रुपका उपाध्यक्ष सुलभ अग्रवालमाथि २५ अर्ब ५९ करोड रूपैयाँभन्दा बढी बिगो दाबी गरिएको छ । उनकी पत्नी सुभी अग्रवाल र छोरा कृषिभ अग्रवाललाई समेत प्रतिवादी बनाइएको छ । अनुसन्धानका क्रममा आˆ नै नाममा रहेको सेयर बिक्री गर्न नमिल्ने अवस्था भएपछि नक्कली अंश मुद्दामार्फत सेयर परिवारका सदस्यको नाममा सारेर कारोबार गरिएको आरोप लगाइएको छ ।

भृकुटी स्टक ब्रोकिङ कम्पनी र कम्पनीका अध्यक्ष सन्दीप चाचन अग्रवालविरूद्ध १४ अर्ब ५८ करोड रूपैयाँभन्दा बढी बिगो माग गरिएको छ । त्यस्तै शंकर ग्रुपसँग आबद्ध साहिल अग्रवालविरूद्ध ६ अर्ब ४ करोड रूपैयाँभन्दा बढी बिगो दाबी गरिएको छ ।

मुद्दामा व्यवसायी ऋषिराज मोरमाथि हिमालयन रि-इन्स्योरेन्सको रकम व्यक्तिगत लाभका लागि प्रयोग गरेको आरोप छ । उनीविरूद्ध ३ अर्ब ७८ करोड रूपैयाँभन्दा बढी बिगो माग गरिएको छ । हिमालयन रि-इन्स्योरेन्सका संस्थापक अध्यक्ष शेखर गोल्छासहित रोहित गुप्ता, शुभेच्छा खरेल, सुभाष कुमार झुनझुनवाला, अमित मोर र राजीव मोरमाथि पनि संयुक्त रूपमा २ अर्ब ७३ करोड रूपैयाँभन्दा बढी बिगो दाबी गरिएको छ ।

अन्य प्रतिवादीहरूमा मनोज कुमार लाल कर्ण, राजबहादुर शाह, सुमेर शमशेर जबरा, रितेश प्रधान, सुवास बहादुर श्रेष्ठ, उपासना पौडेल, मनिष कुमार, शिशिर गैह्रे, दीपक कुमार श्रेष्ठलगायत रहेका छन्। विभिन्न बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरूलाई समेत बाँकी ४ पेजमा ▸▸

## कोशीले २० अर्बका बहुवर्षीय आयोजनाको दायित्व घटाएर नयाँ थप्ने

**दमक/** कोशी प्रदेश सरकारले हालको २० अर्ब ६१ करोडको बहुवर्षीय आयोजनाको दायित्वलाई १३/१४ अर्बमा झारेर थप ४/५ अर्बका नयाँ आयोजना सुरू गर्ने भएको छ ।

कोशी प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालयका अनुसार २० अर्ब ६१ करोड बराबरको बहुवर्षीय योजनाको दायित्व बोकेको कोशी प्रदेश सरकारले थप ५ अर्बसम्मको योजना नयाँ बजेटबाट सुरु गर्ने तयारी गरेको हो ।

२० अर्बको बहुवर्षीय दायित्वलाई घटाएर १३ देखि १४ अर्बमा झार्ने र थप ४-५ अर्बका नयाँ योजना ल्याउँदा धेरै समस्या नपर्ने निष्कर्षका साथ यस्तो तयारी भएको जनाइएको छ ।

‘बहुवर्षीय आयोजनाको बढ्दो आर्थिक दायित्वलाई व्यवस्थापन गर्दै चालु आर्थिक वर्षभित्रै त्यसलाई १३ देखि १४ अर्ब रूपैयाँको सीमाभित्र झार्ने तयारी बाँकी ४ पेजमा ▸▸

## विपद् र सवारी दुर्घटनामा १३ जनाको मृत्यु, ३४ घाइते

दमक । पछिल्लो २४ घण्टामा देशका विभिन्न स्थानमा भएका विपद् तथा सवारी दुर्घटनाका घटनामा परी कम्तीमा १३ जनाको मृत्यु भएको छ भने ३४ जना घाइते भएका छन्। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार विपद्का घटनामा पाँच जनाको ज्यान गएको छ भने काभ्रेमा भएको बस दुर्घटनामा थप आठ जनाको मृत्यु भएको हो ।

प्राधिकरणले सार्वजनिक गरेको दैनिक विवरणअनुसार देशभर ३२ वटा विपद्का घटना दर्ता भएका छन्। ती घटनामा एक जना बेपत्ता भएका छन् भने सात जना घाइते भएका छन्। आगलागी, सर्पदंश, चट्याङ, पहिरो, नदीजन्य विपद् तथा अन्य प्राकृतिक घटनाले २२ जिल्ला प्रभावित भएका छन् ।

तथ्यांकअनुसार सबैभन्दा बढी १२ वटा आगलागीका घटना भएका छन्। यस्तै सात वटा सर्पदंश, पाँच बाँकी ४ पेजमा ▸▸

## ५८ करोडको धरान विकास योजना

धरान । संघीय सरकारले आगामी आर्थिक वर्षका लागि धरान उपमहानगरपालिकाका विभिन्न विकास आयोजनामा करिब ५८ करोड रूपैयाँ बजेट विनियोजन गरेको छ। खानेपानी, सडक, खेलकुद तथा अन्य पूर्वाधार विकासका योजनामा बजेट छुट्याइएपछि स्थानीय तहले यसलाई धरानको विकासका लागि महत्वपूर्ण उपलब्धि मानेको छ- कार्यवहाक मेयर आइन्द्रविक्रम नेम्वाङले भने ।

विनियोजित बजेटअनुसार धरान उपमहानगरपालिकाको एकीकृत खानेपानी तथा व्यवस्थापन आयोजनाअन्तर्गत कोशी-चतरा खानेपानी आयोजना निर्माणका लागि ४९ करोड ९९ लाख ४७ हजार रूपैयाँ छुट्याइएको छ। त्यस्तै धरान (सप्तकोशी नदी स्रोत) खानेपानी आयोजनाको आयोजना व्यवस्थापन तथा सुपरभिजन परामर्श सेवाका लागि २१ लाख रूपैयाँ विनियोजन गरिएको छ।

संघीय बजेटमा धरान नगरभित्रका विभिन्न सडक मर्मतका लागि एकमुष्ट १ करोड ५० लाख रूपैयाँ र अन्य पूर्वाधार निर्माणका लागि ३ करोड रूपैयाँ विनियोजन गरिएको छ। यसैगरी धरान रङ्गशालामा फ्लडलाइट निर्माणका लागि ३ करोड रूपैयाँ छुट्याइएको छ।

धरान-५ स्थित अधेरी खोलामा पुल निर्माण योजनालाई बहुवर्षीय आयोजनामा समावेश गर्दै आवश्यक बजेटको व्यवस्था गरिएको छ। उक्त पुल निर्माण भएपछि स्थानीय यातायात तथा आवागमनमा सहजता आउने अपेक्षा गरिएको छ।

स्थानीय जनप्रतिनिधिहरूले खानेपानी, सडक, बाँकी ४ पेजमा ▸▸

## ज्येष्ठ नागरिकलाई कैद छुट : कानुन छ, सुविधा छैन

दमक । कानुनले ज्येष्ठ नागरिकलाई विशेष संरक्षण र सहुलियतको व्यवस्था गरे पनि देशभरका कारागारमा रहेका वृद्ध कैदीबन्दी अझै कठिन र कष्टकर जीवन बिताउन बाध्य छन् । कैद छुट तथा हेरचाह केन्द्रमा राख्न सकिने कानुनी प्रावधान भए पनि कार्यान्वयनको अभावमा सयौं ज्येष्ठ नागरिक जेलमै जीवनको उत्तरार्ध बिताइरहेका छन् ।

कारागार व्यवस्थापन विभागका अनुसार देशभरका कारागारमा हाल १ हजार ५२४ जना ज्येष्ठ नागरिक कैदीबन्दी छन् । तीमध्ये ४०५ जना कानुनअनुसार कैद छुटको सुविधा पाउन सक्ने सूचीमा परे पनि प्रभावकारी कार्यान्वयन नहुँदा उनीहरु जेलमै बस्न बाध्य छन् ।

केन्द्रीय कारागार जगन्नाथदेवलमा मात्र १ सय ३६ जना ज्येष्ठ नागरिक कैदीबन्दी रहेका छन्। कारागार प्रमुख कृष्णप्रसाद चापागाईँका अनुसार अधिकांश वृद्ध कैदी मुटुरोग, दम, मधुमेह, उच्च रक्तचाप, किड्नी रोग, प्यारालाइसिस र पार्किन्सनजस्ता दीर्घरोगबाट पीडित छन्। त्यसमध्ये १ सय १ जनाको विभिन्न अस्पतालमा उपचार बाँकी ४ पेजमा ▸▸

## उद्यमी महिलालाई सिलाइ कटाइ मेशिन




**लाईफ लाईन अस्पताल प्रा.लि.**
दमक-५, झापाको

**ओपीडी सेवाहरू :**

दैनिक बिहान ८ बजेदेखि बेलुकी ७ बजेम्म

१. डा. मनोज कुमार शाह : बरिष्ठ हाडजोर्नी तथा नशा रोग बिशेषज्ञ
२. डा. सिता राई : बरिष्ठ प्रसुति तथा महिला रोग विशेषज्ञ
३. डा. निरज शाह : बरिष्ठ फिजिसियन
४. डा. साजन ठाकुर : बरिष्ठ बालरोग बिशेषज्ञ
५. डा. मन्जुल शाक्य : बरिष्ठ ल्याप्रोस्कोपीक सर्जन
६. डा. एकता घिताल : बरिष्ठ प्याथोलोजिस्ट
७. डा. सोफिया थुलुङ्ग : बरिष्ठ अर्थोडन्टिस (दन्तरोग विशेषज्ञ)
८. डा. तिलकचन्द्र शाह : बरिष्ठ रेडियोलोजिस्ट
९. डा. चन्द्रमोहन शाह : ल्याप्रोस्कोपीक सर्जन
१०. डा. बिबेक लामिछाने : फिजिसियन
११. डा. शिर्षकदिप श्रेष्ठ : मनोरोग बिशेषज्ञ
१२. डा. मिलन भुषाल : नाक, कान घाटी रोग बिशेषज्ञ

सम्पर्क : ९८०१४१४२८६, ९८०१४१४२८३


**दमक नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय दमक झापाको**

**नदिजन्य सामग्री उत्खन्न् ,संकलन र बिक्रीका लागि हाल बन्द गरिएका खण्ड तथा नाकाहरु बारे**

उर्लाबारी नगरपालिका र चुलाचुली गाउँपालिकाबाट प्राप्तपत्रानुसार दमक नगरपालिका र उर्लावारी नगरपालिका र चुलाचुली गांउपालिकाको सिमाना खोला मावा र रतुवा खोलाको साधारण निर्माणमूखी नदिजन्य समाग्री उत्खन्न् संकलन र बिक्री गर्ने प्रयोजनका कार्यहरु तपशिलका नदी र सोका नाकाहरुमा तपशिलको मिति देखि बन्द भएको व्यहोरा सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। सूचनालाइ अटेर गरि आफुखुशी नदिजन्य समाग्री उत्खन्न तथा संकलन गरि ओसारपसार गरेको पाईएमा कानुन बमोजिम कार्वाही हुने व्यहोरा सम्बन्धीत सबैमा जानकारी गराइन्छ।

**तपशिलका खोलाका नाकाहरु र बन्द भएको मिति**

१) दमक उर्लावारी मावाखोला खण्ड सबै नाकाहरु।
*मिति २०८३।०२।२५ गतेदेखि।*

२) दमक चुलाचुली रतुवाखोला नाका।
*मिति २०८३।०२।२९ गतेदेखि।*

३) दमक कमल रतुवाखोला रवि बसपार्क पूर्व बिधुवा दोभान दक्षिण र रवि बसपार्क पूर्व रतुवा पुल ५०० मिटर उत्तर छोडेर।
*मिति २०८३।०२।२५ गते देखि।*

संस्मरण



# सिक्किमको वाङ्मयिक विकास

डा. तुलसी भट्टराई

### केही चिनारु व्यक्तित्व

प्रा. राजेन्द्र भण्डारीसँग भेट्दा अझ आनन्द लाग्छ । रसिला-हँसिला मित्र । २२ वर्षअघि इलाममा महानन्द जयन्ती समारोहका बेला हाम्रो पहिलो भेट भएथ्यो । श्री राजेन्द्रसँग सम्बन्धित यसबेलाका रोचक प्रसंगहरु ताजै छन् ।

सिक्किमका धेरैजनासँग व्यक्तिगत चिनाजाना थियो पहिलेदेखि नै । महानन्द पौड्याल, तुलसीराम कश्यप नरबहादुर भण्डारी आदि । त्यस्तै पवन चामलिङ -मुख्यमन्त्री हुनुअघि सम्पादक र कविका रुपमा सम्पर्क) यसरी नै । केदार गुरूङ, उपमान बस्नेत, सानु लामा, कुबेर दाहाल, पद्युम्न श्रेष्ठ, लालबहादुर बस्नेत, समरिण छेत्री 'प्रियदर्शी' जय धमला, आर्य लामिछाने, वीरभद्र कार्कीढोली, गोपाल गाउँले, विजय बान्तवा, गिर्मी शेर्पा, अर्जुन निरौला, डा. शोभाकीन्त थेगिम, टी.बी. चन्द्र सुब्बा, गोपाल दाहाल, भीम दाहाल, पूर्ण राई आदि सँग सम्पर्क भएको हो । अन्य पनि धेरै जनासँग मेरो सम्पर्क सम्बन्ध थियो र कतिपयसँग आज पनि छ ।

सन् १९७३-७५ को सिक्किम आन्दोलनका क्रममा नरबहादुर खतिवडासँग विशेष सम्पर्क बढेको थियो । आज पनि छ । त्यस बेलाका चर्चित व्यक्तिहरुमा नरबहादुर भण्डारी -पूर्व मुख्यमन्त्री), आर. सी. पौड्याल, भवानी खरेल, कृष्णबहादुर लिम्बु, भवानीप्रसाद दाहालहरुसँग सम्पर्क र चिनजान थियो । तर यता धेरे वर्ष भयो भेटघाट र कुनै सम्पर्क छैन । टिम्बुरोबोङका पं. रूद्रमणि वासिष्ठ र त्यस क्षेत्रका धेरैसँग सम्पर्क चिनजान भएको हो । गेजिङ, नाम्ची, जोरथाङ, पाकिमतिर पनि निकै जना चिनेजानेकाहरु थिए । कतिपयको नाम यतिबेला संझना छैन । यो प्रसंग यति मात्र ।

भैगोलिक रुपमा सानै भए पनि अर्थात् भौगोलिक र जनसङ्ख्याका आधारमा हेर्ने हो भने सिक्किमले शिक्षामा सारै ठूलो प्रगति गरेको छ । आधादर्जन उच्च महाविद्यालयहरु छन् । तीनदर्जनभन्दा बढी उच्चमाध्यमिक विद्यालयहरु, अनि करीब एक एक सय वटा माध्यमिक विद्यालयहरु, करिव साव सय निम्नमाध्यमिक अनि, साढेतीन सय जति प्राथमिक विद्यालयहरु छन् ।


यस बाहेक दुईसय जति विभिन्न शिक्षलय, रेलु शिल्प शिक्षलय, आधासय जति विभिन्न बौद्ध पाठशाला, एकदर्जन जति संस्कृत पाठशालाहरु समेत संचालित छन् । यी सबै शिक्षाकेन्द्रहरूले सिक्किममा शिक्षाको ज्योति जगाउने काम गरेका छन् । पुरानो प्रसंग हेर्दा सत्रौं शताब्दीको मध्यदेखि नै सिक्किमको प्रशासनिक र कानूनी भाषा नेपाली रहेको कुरा थाहा भएको छ । सन् १९०२ मा खुलेको स्कूलमा नेपाली पनि पठनपाठनको विषय रहेको उल्लेख छ । आज त यहाँको राजकयि भाषा नै बनेको छ -नेपाली ।

स्वाथ्यको क्षेत्रमा पनि सिक्किम पछि छैन । जताततै अस्पताल, स्वास्थ्य चौकी एवं स्वास्थ्य केन्द्रहरु छन् । नेपालमा अझैं पनि खाने, लाउने र बस्ने कुरा जस्ता मानवीय प्राथमीक पूर्वाधारकै व्यवस्था राम्ररी हुनसक्या छैन । यहाँ खाने, लाउने र बस्ने शिक्षा स्वास्थ्य जस्ता पूर्वाधार सबैले पाएका छन् । यसरी नेपालको तुलनामा त सिक्किम धेरै माथि पुगिसकेको छ ।

भट्टराईजी, अप्ठ्यारो नमान्दिनुहोला । मैले त पुरानो साथीभाइ भनेर यस्ता कुरा जानकारी गराएको हुँ । वास्तवमा नै सिक्किमले विगत एक दुईदशकदेखि यता सारै राम्ररी प्रगति गर्दैआउको छ । यो कुरा त मान्नैपर्छ । सिक्किम यतिबेला भारतका कतिपय प्रान्तहरूलाई उछिनेर माथि उठिसकेको छ । शिव प्रधानको यो व्याख्या सुनेर म पनि निकै घोरिएको थिएँ । हो त कतिछिट्टै सिक्किमले प्रगति गरेछ । तीन दशक अघिसम्म सिक्किम अत्यन्तै पछौटे क्षेत्रमा पर्दथ्यो । आज कति माथि पुगेछ । नेपालको ग्रामीण क्षेत्रमा कहिले प्रगति हुने हो, थाहा छैन । नेपालभित्र अझै पनि मानवीय पूर्वाधार जस्ता प्राथमिक आवश्यकतापूर्ति हुन सकेको छैन । आज पनि नेपाली जनजीवन खाना, नाना र छानाको कुरामा नै अल्झिएको छ ।

चन्द्रलोक र मंगलग्रहमा मानवबस्ती बसाल्ने योजना लिएर विश्वका केही विकसित मुलुक अन्तरिक्षमा पानीको खोजीमा लागिसकेका छन् । हामी नेपालीलाई भने हातमुख जोर्न चिन्ता छ । जे भए पनि नेपाली बसोबास क्षेत्र भएको सिक्किमले यति राम्रो प्रगति गर्नु खुसी लाग्ने नै विषय हो । शिवजी अरू पनि धेरै कुरा सुनाइरहेका थिए सिक्किमबारे । होटल टिवेटको चियाचमेना कक्षमा यी कुराहरु भएका थिए । क्रमशः......

खड्ग बहादुर खड्काको
कविता संग्रह
ज्वाला
विभिन्न पुस्तक पसलमा उपलब्ध छ । किनेर पढ्न चाहनेले नजिकको पुस्तक पसलमा सम्पर्क गर्नहुन अनुरोध छ ।





सम्पर्क नम्बर : ९८४४६८०४९९

# 'मेरो देश'लाई नियालेर हेर्दा

**यस पुस्तकमा नेपालको संक्षिप्त इतिहास, भूगोल, संस्कृति, चाडपर्व, धर्म, साहित्य, शिक्षा, मठमन्दिरजस्ता सम्पदाहरुको व्याख्या र वर्णन गर्दै पठनीय र संग्रहणीय बनाएर यो पुस्तक बजारमा ल्याउनु उनको व्यक्तिगत सफलता मात्रै नभएर सिंगो मुलुकको खोज र राष्ट्रिय सम्पत्तिको रुपमा ग्रहण गर्न योग्य छ ।**



✍ विमल लामिछाने




पुस्तक समीक्षा

औषधी विज्ञानलाई सम्पूर्ण कर्मक्षेत्र बनाएका विषयविज्ञ चिकित्सक, साहित्यकार तथा लेखक डा. लेखनाथ न्यौपानेको अर्को पुस्तक 'मेरो देश' बजारमा आएको खबरले अत्यन्तै उत्साहित बनाएको थियो । आवरण लुक्स र सर्सर्ती हेडलाइनहरू हेरर चित्त बुझाएपनि कार्यक्षेत्रको ब्यस्तता र समय सन्दर्भ नमिल्दा गहिरिएर पढ्ने उट्हुटीको तिर्सना भने मेटिएको थिएन । लेखकसँग सम्पर्क नभएको पनि होइन, पटक पटक फोन सम्बाद भएको थियो । र बजारमा आएको पुस्तकबारे चर्चा गरेर धन्यवाद ज्ञापन पनि गरिसकेको थिएँ । लेखकको निम्तोलाई स्वीकारेर भेट्न भने समय मिलेको थिएन । एकसाँझ उहाँको चिकित्सालयको बाटो भएर फर्किने क्रममा भेट भयो । पुस्तकबारे निक्कै भलाकुसारी भएपछि एउटा पुस्तक'मेरो देश' थमाउँदै समय मिलाएर पुस्तकबारे केही लेखिदिन अनुरोध गर्नुभयो । आफ्नो पेशाभित्रकै एउटा विधा भएकाले सहजै स्वीकारेर घर फर्किएँ ।

पढ्दै जाँदा पुस्तक त निकै ठूलो र धेरै विषयहरू समेटिएको । समान्य संग्रह मात्रै नभएर समग्र देशको 'ऐतिहासिक दस्तावेज' नै रहेछ । विज्ञान र स्वास्थ्य क्षेत्रमा निरन्तर लेख रचना र पुस्तकहरू प्रकाशन गरेर आफ्नो ज्ञान वितरण गर्दै अघि बढिरहेका लेखक डा. न्यौपानेले पछिल्लो समय आफ्नो बाह्रवर्षको अथक मेहनतलाई 'मेरो देश' नामक पुस्तक प्रकाशनमा ल्याउन सफल हुनु सामान्य विषय होइन । सबैभन्दा पहिले त लेखकको यो सफलताप्रति हार्दिक आभार तथा थप लेखनीको शुभकामना ।

यस पुस्तकमा नेपालको संक्षिप्त इतिहास, भूगोल, संस्कृति, चाडपर्व, धर्म, साहित्य, शिक्षा, मठमन्दिरजस्ता सम्पदाहरूको व्याख्या र वर्णन गर्दै पठनीय र संग्रहणीय बनाएर यो पुस्तक बजारमा ल्याउनु उनको व्यक्तिगत सफलता मात्रै नभएर सिंगो मुलुकको खोज र राष्ट्रिय सम्पत्तिको रूपमा ग्रहण गर्न योग्य छ ।

यो पुस्तक पढिसकेका जो कोही पाठक र समीक्षकले सहज भन्न सक्छन् कि, 'नेपालमा थुप्रै इतिहास छन् तर मुलकको समग्र इतिहासको संग्रहित पुस्तक भने यो पहिलो हुन सक्छ ।' मलाई लाग्छ, डा. लेखनाथ न्यौपानेको 'मेरो देश' नामक पुस्तकलाइ मुलुकको इतिहास लेखनमा थपिएको अर्को इटाको रूपमा लिन सकिन्छ ।

यो पुस्तकले मूर्तरूप प्राप्त गर्न विभिन्न महानुभावहरूको स्नेहाषिस प्राप्त गरेको लेखक आफैले लेखकीयमा बताएका छन् । उनले पुस्तकलाई पाठकसामु ल्याउन बहुत मेहनत गर्नुपरेको कुरा छिपाउन सकिन्न । बाल्यकालदेखि नै स्वदेश तथा विदेशी संस्कृति र परम्परालाई रूचाउने आफ्नो स्वभाव पुस्तकमा पोखिएको पनि लेखकले खुलाएका छन् । गाउँघरमा हुने नाचगान, चाडपर्व, मेलाबजारहरू भर्न रूचाउने र ग्रामीण क्षेत्रका मानिसहरूमा देखिएका समस्याहरूलाई समाधान गर्ने उत्सुकता लेखकमा सानैदेखि भएको लेखकीयमा बताइएको छ ।

नेपालको इतिहासमा पछिल्लो संरचना जो संघीय गणतन्त्रको प्रादेशिक संरचना रहेको 'सात प्रदेश' छ यी प्रदेशहरूभित्र कुन प्रदेशको अवस्था कस्तो र पर्यटकीय सम्भावनादेखि धार्मिक र सास्कृतिक स्थलहरूकोसमेत वर्णन गरिनुले यो पुस्तकलाई अझ जीवन्त बनाएको देखिन्छ ।

यस पुस्तकका माध्यमबाट लेखकले नेपालको वास्तविक अर्थ गहिरिएर खोतल्ने प्रयास गरेका छन् । सास्कृतिक विविधताले भरिपूर्ण, कलाकृतिले सुसज्जित प्राकृतिक मात्र नभई आध्यात्मिक दृष्टिले पनि पूर्ण नेपाललाई चिनाउने प्रयत्न गरेका छन् । खोज र अनुसन्धानका क्रममा विभिन्न स्रोतहरूबाट संकलन गरिएका तथ्य, तथ्यांकहरूलाई एकमुष्ट रूपमा समेट्न खोजेका छन् ।

नेपाल शब्दभित्र विभिन्न तहहरू छन् । कसैलाई नेपालभन्दा राजनीतिक नेपालको नक्सा आउला, कसैलाई नेपालको हरियाली सौन्दर्य वनपाखा खोलानाला आउला भने कसैले नेपालले प्रदान गर्ने समृद्ध सास्कृतिक अनुभवको झल्को आउला तर समग्रमा मेरो देश नामक कृतिको यो दोस्रो संस्करणले नेपाललाई चिनाउन यी सबै विषयवस्तुहरूको छुट्टै खोज, अनुसन्धान र बर्णन गरिनुले अझ ओझिलो जवाफदेही बनाएको छ ।

पुस्तकमा धेरै नवीनतम तथ्यहरू उद्घाटित भएका छन् । यो पुस्तकको मूख्य सार नै मानिस जन्मजात सबै कुरामा पारङ्गत हुँदैन, मृत्युपश्चात पनि केही लाँदैन तर रूँदै जन्मिएर रूँवाउँदै जाने जीवनलाई सायद सफल जीवन मानिन्छ । जन्म र मृत्युबीचका समयमा मानिसले जे गर्छ आफु, आफ्नो समाज र आफ्नै राष्ट्रका लागि गर्छ । हरेक मानिसले सानो- ठूलो कम वा धेरै जे जति गरेपनि राष्ट्रकै लागि गरेको हुन्छ । स्वदेश र स्वपहिचानका लागि गरेका हरेक कामभित्र सकारत्मक मूल्य अन्तरनिहित हुन्छ । व्यक्तिको भोगाई र गराईले कुनै न कुनै सन्देश प्रवाह गरेकै हुन्छ । केही सन्देश योगदान र ज्ञान प्रवाह नै आगामी पिढीको मार्गदर्शक बन्दछ । भन्ने सन्देश यो पुस्तकको अर्को विशेषता हो ।

पेशाले होमियोप्याथिक चिकित्सक रहेका लेखक डा. न्यौपानेले यस पुस्तकका माध्यमबाट नेपाललाई माथि उठाउन भरपूर प्रयत्न गरेका छन्, तर यो अन्तिम खोज र पूर्णता भने होइन ।

विशेषत धेरै तथ्यांक र विवरणहरू संकलनमा लेखक आफै सम्बन्धित भूगोलको अवलोकन गर्न वा खोज अनुसन्धान गर्न गएर तयार पारिएको विवरण नै बढी प्रश्तुत गरिएको पाइन्छ र कतिपय अन्य लेखक र इतिहासका सन्दर्भ सामग्री खोजतलास र अध्यायन गरि प्रयोजनमा ल्याउन सफल हुनुमा लेखकको सफलता झल्किएको देखिन्छ ।

केही गौण रहेका सीमा र कमजोरीकाविचपनि यस पुस्तकमा पृथक विचार, खोज र भिन्न शैलीको कलात्मक प्रयोग नै लेखकको वास्तविक पहिचान बनेको देखिन्छ । यसले नयाँ र फरक सिर्जनात्मक सन्देश दिन खोजिएको छ ।

यस पुस्तकमा दुईखण्डलाई समावेश गरिएको छ । पहिलो खण्डमा नेपालको परिचय, भूगोल, राज्यसञ्चालन, नेपालमा पाइने विभिन्न प्रजातिहरू, मुद्राको इतिहास, बिजुलीको इतिहासदेखि तारे होटलको सुरूवात र ढुङ्गेधाराको इतिहाससमेतलाई समावेश गरिएको छ । यसमा नेपालका केही प्रसिद्ध स्थानहरू, नेपालका चर्चित व्यक्तित्व र विभूतिहरू, नेपालका राष्ट्र नायकहरूको व्यक्तित्व, साहित्यकार तथा सहिदहरूको परिचय, नेपालमा रहेका अग्ला हिमालहरू, राष्ट्रिय निकुञ्ज, संरक्षण क्षेत्र र मध्यवति क्षेत्रसहित नेपालमा मनाइने प्रमुख चाडहरूलाई समेटिएको छ ।

यसैगरी दोस्रो खण्डमा नेपालको संघीय संरचनामा रहेको भौगोलिक अवस्था, जिल्लाको परिचय र पर्यटकीयस्थलहरू लगायतलाई समेटेर संघीय संरचनाको सातै प्रदेशको भूबनौटलाई समेट्न खोजिएको छ ।

पुस्तकको आवरणसहित ७ सय ४ पृष्ठमा प्रकाशन गरिएको यो पुस्तकको मूल्य १ हजार २ सय २० रूपैयाँ तोकिएको छ भने काठमाडौ बागबजारस्थित भुँडीपुराण प्रकाशनले प्रकाशनमा ल्याएको हो । पिता छविराम न्यौपाने र माता महेश्वरा न्यौपानेका सुपुत्रको रूपमा २०२७ साल श्रावण ९ गते इलाम जिल्लाको फाकफोकथुम तत्कालीन लुम्दे गाविसमा जन्म भएका डा. लेखनाथ न्यौपानेका सरल होमियोप्याथिक चिकित्सा प्रणाली, 'छोरा' उपन्यास, 'हराएका अनुहारह' कथासंग्रह, 'स्वस्थ्य कसरी रहने' लेखसंग्रह प्रकाशित भईसकेका छन् भने दर्जनौ लेखरचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशन भईरहेको पाइन्छ । डा. न्यौपानेको 'मेरो देश' नेपाल र नेपालीप्रति अनुराग राख्ने सम्पूर्ण महानुभावहरूमा समर्पण गरिएको पुस्तक हो ।

# लेखनाथमा 'रन्किएको चन्द्र' कृति विमोचित



✍ देवीचरण भण्डारी (सरोज)

गतहप्ताको आइतबार रमाईलोसंग वित्यो । लेखनाथ पुस्तकालय चन्द्रगढीको प्रेक्षालयमा विर्तामोड निवासी स्रष्टा भगवती ढुङ्गेलको सातौँ कृति " रन्किएको चन्द्र " कविता सङ्ग्रहको विमोचन गरिएको छ। बुद्‌यौली साहित्य समाज झापाको आयोजनामा कृति विमोचन तथा रचना वाचन कार्यक्रम सम्पन्न गरिएको हो। आयोजक संस्थाका अध्यक्ष हरिप्रसाद रिमालको अध्यक्षतामा भएको कार्यक्रममा सहप्राध्यापक होम सुवेदीको प्रमुख आतिथ्य, प्रा.डा. गंगाप्रसाद अधिकारी, सिलगढी, भारतका साहित्यकार मुक्तिप्रसाद वराल र कवि केशव आचार्य, लेखनाथ पुस्तकालयका सभापति नवराज घिमिरेको विशेष आतिथ्य रहेको कार्यक्रममा कृतिकार भगवती ढुङ्गेल र कृति समीक्षकलाई अग्रभागमा आसन ग्रहण गराईएको थियो।

कार्यक्रममा आसन ग्रहण पश्चात् सामुहिक राष्ट्रगान, कीर्तिशेष हुनुभएका ज्ञातअज्ञात स्रष्टाहरुलाई एकमिनेट सम्झिए पश्चात् प्रमुख अतिथिबाट पानसमा दीप प्रज्वलन तथा ब्यानर वाचन गरेर कार्यक्रमको विधिवत प्रारम्भ गरिएको थियो। मञ्चासिन प्रमुख अतिथि एवम् विशेष अतिथि तथा सभाका अध्यक्षबाट सामुहिकरुपमा कृतिको विमोचन गरिएको थियो।

विमोचित कृतिको संक्षिप्त समीक्षा पुष्पा नेपालले गर्नु भएको थियो। कृतिको समीक्षा गर्दै समीक्षकले कृतिभित्र सङ्गहित गद्य कविताहरुले समाजमा व्याप्त रहेको विकृति, विसङ्गति, बेथिति, भ्रष्टाचार, अन्याय,अत्याचार, वेरोजगरी लगायतका समस्याहरुबाट ग्रसित नेपाली समाजको विम्व उतारिएको बताउनु भयो। कविता कृतिले समाजको जिवन्त तस्वीर उतारेको छ भन्दै कृतिकारलाई वधाई सहित आगामी दिनहरुमा अझ सशक्त सिर्जनात्मक कृति प्रकाशनको शुभकामना दिए।

कार्यक्रकमा कविहरु पार्वती देवान( सिलगढी), केशव आचार्य, डा. खगेन्द्रप्रसाद दाहाल, कृष्ण मिश्र, लीलाप्रसाद भट्टराई, उषा गुरुङ, बुद्धिसागर नेउपाने, निर्मला बास्तोला, मुक्तिप्रसाद तिम्सिना, डिल्लीराज नेपाल, जीवनहरि शर्मा,परशुराम तिम्सिना, देशु वनेम, हरिप्रसाद पौडेल,मोक्षा खतिवडा, देवीचरण भण्डारी, कृष्ण सुवेदी 'निराकार', गणेश निरौला, जय आचार्य, दिव्य निरौला, पं रघुनाथ रिमाल,जयन्ती माली (बङ्गाली भाषामा कविता)। विरही अधिकारी,उमाकान्त पोखरेल, यादवप्रसाद अधिकारी 'झाँक्रीखोले', लक्ष्मीअच्युत ढुङ्गाना, लता खरेल, आरती पोखरेल, महेन्द्र कोईराला, खगेश्वर कोईराला, रिदिप अधिकारी, मेघनाथ बन्धु, तुलसीप्रसाद भट्टराई, बिन्दुप्रसाद दाहाल, दुर्गाप्रसाद सिग्देल लगायतले आ- आफ्ना सिर्जना वाचन गरेका थिए।

कार्यक्रममा प्रमुख अतिथि होम सुवेदी, विशेष अतिथिहरु मुक्तिप्रसाद वराल, प्रा. डा. गंगाप्रसाद अधिकारी र नवराज घिमिरे, प्राज्ञसभा सदस्य हरिप्रसाद पौडेल र कृतिकार भगवती ढुङ्गेलले आफ्ना भनाईहरु राख्न भएको थियो। आयोजक संस्थाका सदस्य तुलसीप्रसाद भट्टराईले सञ्चालन गरेको कार्यक्रममा स्वागत मन्तव्य बुद्‌यौलीकै सदस्य

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा
बजारमा
झापाली इटा
ठूलो साइजको ईंटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)



बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०



# बहुधार्मिक आस्थाको धरोहर बनेको 'माइपोखरी'

इलाम । धार्मिक, प्राकृतिक र जैविक विविधताको अद्वितीय संगमका रूपमा परिचित इलामको माइपोखरी पछिल्लो समय स्वदेशी तथा विदेशी पर्यटकको आकर्षणको प्रमुख केन्द्र बनेको छ । सन्दकपुर गाउँपालिका–१ र ३ को सङ्गमस्थलमा अवस्थित माइपोखरीले बहुधार्मिक आस्था, रमणीय प्राकृतिक सौन्दर्य र पर्यटकीय सम्भावनाका कारण आगन्तुकको चहलपहल बढाउँदै लगेको हो ।

समुद्री सतहबाट करिब दुई हजार १०० मिटर उचाइमा रहेको माइपोखरी नौ कुना भएको विशाल जलाशयका लागि परिचित छ । हिन्दु, बौद्ध र किरात धर्मावलम्बीहरूको साझा आस्थाको केन्द्र मानिने यहाँ पूजा–आराधना, भाकल गर्ने तथा परेवा उडाउने परम्परा रहिआएको छ । बलिप्रथा निषेध गरिएको यस क्षेत्रलाई स्थानीयले देवीस्वरूप मानेर पूजा गर्ने गर्छन् ।

पर्यटन प्रवर्द्धनसँगै माइपोखरी पुग्ने पर्यटकको सङ्ख्या उल्लेख्य रूपमा बढ्दै गएको छ । स्थानीयका अनुसार दैनिक सयौं पर्यटक अवलोकन, तस्बिर तथा भिडियो खिच्न यहाँ पुग्ने गरेका छन् । सडक पहुँच विस्तार र यातायातको सहजताले युवापुस्तामाझ माइपोखरी लोकप्रिय गन्तव्यका रूपमा स्थापित हुँदै गएको छ ।

माइपोखरीको बढ्दो आकर्षणसँगै स्थानीय स्तरमा होटल तथा होमस्टे व्यवसाय पनि विस्तार भइरहेको छ । यसबाट स्थानीय बासिन्दाले रोजगारी र आम्दानीको अवसर पाएका छन् । सन्दकपुर गाउँपालिकाले समेत माइपोखरीलाई प्रमुख धार्मिक तथा पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने लक्ष्यसहित पूर्वाधार र प्रचारप्रसारमा जोड दिएको जनाएको छ ।

यस क्षेत्रको प्रवर्द्धनका लागि गाउँपालिकाले २०८० सालदेखि प्रत्येक वर्ष हरिबोधनी एकादशीका अवसरमा 'माइपोखरी बहुधार्मिक महोत्सव' आयोजना गर्दै आएको छ । महोत्सवले धार्मिक सद्भाव र पर्यटन प्रवर्द्धनमा थप टेवा पुर्‍याएको विश्वास गरिएको छ ।

## मनोरञ्जन

# 'गौँथली'को 'आँखाभरि आँसु' सार्वजनिक



**दमक/** फिल्म 'गौँथली'को पहिलो गीत 'आँखाभरि आँसु' सार्वजनिक गरिएको छ । बिहीबार काठमाडौँमा आयोजित एक कार्यक्रमका बिच सार्वजनिक गीतमा थानेश्वर गौतम र शान्तिश्री परियारको स्वर छ । गीतमा डा. भोला रिजालको शब्द तथा गायक गौतम स्वयंको संगीत छ । तीन दशक अघि गाउँघरमा हुने विवाहको परिवेशमा तयार पारिएको गीतको भिडियोमा फिल्मका मुख्य कलाकार अरूण क्षेत्री र सिम्रन पन्तको बेहुला बेहुलीको रूपमा देखिएका छन् । उनीहरूको विवाह भइरहेको भिडियोमा देख्न सकिन्छ । माइतीघर छाडेर जान लागेकी छोरीले परिवारप्रति गरेको गुनासो र आमाबुबाले नरोई जान गरेको आग्रहलाई गीतले मर्मस्पर्शी रूपमा प्रस्तुत गरेको छ ।

डा. भोला रिजालका छोरा डा. कपिल रिजालको निर्देशनमा बनेको फिल्ममा अरूण र सिम्रनसहित मदनकृष्ण श्रेष्ठ, प्रकाश घिमिरे, अरूण क्षेत्री, लुनिभा तुलाधर, रवीन्द्र झा, ईश्वरी बराल, संयोग रसाइली, सीतादेवी तिमिल्सिना, लक्ष्मीनाथ तिमिल्सिना, अंशु ओली, प्रिन्स नेपाली, राजेन्द्र नेपालीलगायतका कलाकारहरूको अभिनय देख्न सकिनेछ ।

भोला रिजाल प्रोडक्सन र सुमन गिरी प्रोडक्सनको प्रस्तुतिमा बनेको फिल्मका निर्माता सुमन गिरी (भान्जा) र डा. कपिल रिजाल हुन् । सरला रिजाल कार्यकारी निर्मातामा छिन् । फिल्ममा हरि हुमागाईंको छायांकन तथा कपिल रिजाल, निश्चल कुँवर, शिव शर्मा, अभिमन्यू निरवी, निरज नेपाल र गिरिराज घिमिरेको लेखन रहेको छ । फिल्मको कथा भने डा. भोला रिजालको हो । फिल्म आगामी साउन १ गतेबाट सार्वजनिक प्रदर्शनमा आउन लागेको हो ।

## स्वास्थ्य

# स्वस्थ महिलामा पनि किन हुन्छ गर्भपात ?



**दमक/** गर्भपात महिलाको स्वास्थ्य कमजोर हुँदा वा गर्भावस्थामा लापरबाही गर्दा मात्रै हुन्छ भन्ने सोच धेरैको छ। तर नयाँ वैज्ञानिक अध्ययनले पूर्ण रूपमा स्वस्थ र फिट महिलामा पनि गर्भपात हुन सक्ने देखाएको छ।

अनुसन्धानकर्ताहरूले यसको एउटा नयाँ कारण आमाबुबाको जिनसँग सम्बन्धित रहेको बताएका छन् । नेचरमा प्रकाशित नयाँ अध्ययनमा वैज्ञानिकहरूले करिब १ लाख ४० हजार आईभीएफ भ्रणको आनुवंशिक तथ्याङ्क विश्लेषण गरेका थिए । अध्ययनका क्रममा धेरै भ्रणमा क्रोमोजोमको सङ्ख्या असामान्य रहेको पाइएको छ। यस अवस्थालाई "एनेयूप्लोइडी" भनिन्छ।

सामान्य भाषामा भन्नुपर्दा शरीरका कोषहरूमा क्रोमोजोमको सङ्ख्या बढी वा कम हुनु एनेयूप्लोइडी हो। यस्तो अवस्थामा भ्रुणको विकास सही रूपमा हुन सक्दैन र गर्भावस्था प्रारम्भिक महिनामै समाप्त हुन सक्छ। अनुसन्धानअनुसार पहिलो र दोस्रो त्रैमासिकमा हुने करिब आधा गर्भपात क्रोमोजोमसम्बन्धी गडबडीसँग सम्बन्धित हुन्छन्। यसको अर्थ भ्रुणमा सुरुदेखि नै आनुवंशिक समस्या रहेको हुन सक्छ, जसका कारण भ्रूणको विकास रोकिन्छ।

वैज्ञानिकहरूले बढ्दो उमेरसँगै गर्भपतनको जोखिम पनि बढ्ने पुष्टि गरेका छन्। तर उनीहरूका अनुसार केवल उमेर मात्रै होइन, केही विशेष जिनहरूले पनि यसमा महत्वपूर्ण भूमिका खेल्छन् । अध्ययनमा एसएमसी बी नामक विशेष जिनको पहिचान गरिएको छ। यो जिन अण्डा बन्ने क्रममा क्रोमोजोमलाई सही रूपमा जोडेर राख्ने कामसँग सम्बन्धित हुन्छ। यो जिनमा परिवर्तन भयो भने क्रोमोजोमहरू सही तरिकाले छुट्टिन सक्दैनन्, जसले भ्रूणमा समस्या उत्पन्न गर्न सक्छ र गर्भपातको जोखिम बढ्न सक्छ।

वैज्ञानिकहरूका अनुसार महिलामा अण्डा बन्ने प्रक्रिया उनीहरू आफ्नै आमाको गर्भमा हुँदा नै सुरु हुन्छ। त्यसपछि यो प्रक्रिया धेरै वर्षसम्म रोकिएर बस्छ र पछि डिम्बाशयबाट बाहिर निस्कने प्रक्रियाका बेला यो पुनः सक्रिय हुन्छ। यही लामो अन्तरालमा क्रोमोजोमसम्बन्धी गडबडी हुने सम्भावना बढ्न सक्छ।

यद्यपि, सबै गर्भपात केवल आनुवंशिक कारणले मात्र हुँदैनन्। बढ्दो उमेर, तनाव, अस्वस्थ जीवनशैली, धूम्रपान, प्रदूषण तथा केही स्वास्थ्य समस्याहरूले पनि गर्भपतनको जोखिम बढाउन सक्छन् । अनुसन्धानकर्ताका अनुसार यो अध्ययनले भविष्यमा राम्रो प्रजनन उपचार तथा गर्भावस्था हेरचाह प्रणाली विकास गर्न महत्वपूर्ण सहयोग पुर्‍याउन सक्छ। (एजेन्सीको सहयोगमा)

## ज्ञानमञ्च

- पृथ्वीमा भन्दा चन्द्रमामा गुरूत्वाकर्षण ६ गुणा कम १/६ हुन्छ । अर्थात पृथ्वीमा २० किलो उचाल्न सक्नेले चन्द्रमामा १२० किलो उचाल्न सक्छ । तर पृथ्वीमा २० किलो पिण्ड भएको बस्तुको तौल चन्द्रमामा पनि २० कीलो नै हुन्छ ।
- न्यूटनको चाल सम्बन्धि पहिलो नियमः कुनै बस्तुमा बाहिरी बल प्रयोग नभएसम्म स्थिर छ भने स्थिर अवस्थामै रहन्छ र गति अवस्थामा छ भने सरल रेखामा समान गतिले गइरहन्छ ।
- न्यूटनको चाल सम्बन्धि तेस्रो नियमः प्रत्येक क्रियामा जहिलेपनि बराबर बिपरीत प्रतिकृया हुन्छ । जस्तैः ढुङ्गा चलाउनु, बन्दुक बाट गोलि चलाउनु ।
- लेन्सको सामर्थ्य केन्द्रिकरण दुरी सँग निर्भर रहन्छ ।
- पिण्डहरूलाइ स्थीर राखी दुई वस्तु विचको दुरी २ गुणाले घटाउँदा तिनिहरू विच लाग्ने गुरूत्वाकर्षण वल ४ गुणाले वढछ ।
- कुनै वस्तु गोलाकार पथमा घुम्न सेन्ट्रिपेटल वलको आवस्यक्ता पर्छ ।
- कुनै वस्तुलाइ तरल पदार्थमा डुवाउदा तरल पदार्थले माथिथिर धकेल्ने परिणात्मक वललाइ उर्ध्वचाप भनिन्छ ।
- प्रकाश कुनै बस्तुमा ठोक्किएर एक निश्चित कोणमा फर्केर जाने प्रकृयालाइ प्रकाशको परावर्तन भनिन्छ

## पुस्तक-साभार

### राजनीतिसँगै राजकाज-कल्याणकारी लोकतन्त्रको प्रस्ताव



# राजनीतिसँग राजकाज

✍ रविन्द्र मिश्र

**पदभारसँगै तालिम**

उच्च पदमा पुगेका आम नेपालीहरूमा एउटा अनौठो मानसिकता छ( तालिम दिने हो, लिने होइन भन्ने । तर तालिम भनेको जिन्दगीभर लिए पनि नसकिने विषय हो । त्यसै भएर संसारका ठुल्ठूला कम्पनीहरूमा उच्च नेतृत्वलाई बारम्बार विविध तालिम दिई नै राखिन्छ । नेपालमा जसरी लोकसेवा परीक्षा उत्तीर्ण भएका भर्खरका शाखा अधिकृतहरूलाई तालिम नदिई कामको पूर्ण जिम्मेवारी दिइँदैन, त्यसैगरी नवनियुक्त मन्त्री तथा प्रधानमन्त्रीहरूलाई पनि सबैभन्दा पहिले मन्त्री(प्रधानमन्त्री कसरी बन्ने भन्ने तालिम दिनु अत्यावश्यक देखिन्छ । तुलनात्मक रूपमा दक्ष र इमानदार पूर्वप्रशासक, मन्त्री, आवश्यक परे प्रधानमन्त्री र बाहिरका विशिष्ट व्यवस्थापन विज्ञहरूले त्यस्तो तालिम दिन सक्छन् । बेलायतमा केही वर्षअगाडि दुई जना सांसदले राजनीतिज्ञहरूलाई पदभार ग्रहण गर्नुअघि र पछि उनीहरूको कामलाई प्रभावकारी र परिणाममुखी बनाउन तालिमको व्यवस्था गर्नुपर्ने माग नै अघि सारेका थिए । नेपालमा त त्यसो नगरी नहुने अवस्था छ । राजकाजको तालिम नदिने हो भने हाम्रा मन्त्री र प्रधानमन्त्रीहरु सधैं तपसिलका विषयमा अल्झिरहने र प्राथमिकतामा राख्नुपर्ने विषयमा भने परिणाममुखी ढङ्गबाट अगाडि बढ्ने नसक्ने अवस्था देखिएको छ ।

**सिक्ने रहर**

जो व्यक्तिले हरेक हेराइ, बुझाइ, घुमाइ, पढाइलाई सिक्ने अवसरका रूपमा प्रयोग गर्न सक्छ, उसले मात्र प्रभावकारी नेतृत्व गर्न र ठूलो उपलब्धि हासिल गर्न सक्छ । जङ्गबहादुर राणा एक पटक बेलायत जाँदा उनले जे देखेर, बुझेर आए, त्यसमध्ये कैयौ कुरा नेपालमा लागू गरे । आज हाम्रा नेताहरु दसौं पटक विदेश जान्छन् । तर तिनले दिनदिनै बस्ने कार्यालयमा टेबल कसरी मिलाउने, भित्तामा फोटोहरु कसरी झुन्ड्याउने, सोफा, पर्दा र भित्ताको रङ कसरी मिलाउने अथवा ती सबै जान्ने 'इन्टेरियर डेकोरेटर लाई बोलाएर कोठा कसरी चिटिक्क पार्ने भन्नेसम्म कहिल्यै सिकेको देखिएन । पैसाको कुरा हुँदै होइन, सामान्य ज्ञानको कुरा हो । अपवादलाई छाडेर भन्नुपर्दा, दिनदिनै आफू बस्ने टेबल र कोठा मिलाउन नजान्नेले देश बनाउन जान्दैन । नेपालमा प्रधानमन्त्रीको बालुवाटार निवासका पाहुना कक्षहरूमा पुग्नेबित्तिकै त्यहाँ बस्ने प्रधानमन्त्रीले देश बनाउन सक्छन् या सक्दैनन् भन्ने स्वतः अनुमान लगाउन सकिन्छ । मैले यो सानो देखिने उदाहरण दिनाको कारण, दिनदिनै आˆ नै आँखाअगाडिका साना कुरा मिलाउनसम्म सिक्न नजान्नेले ठूला कुरा कसरी सिक्न सक्छन् भन्ने तथ्यलाई व्याख्या गर्न हो। कुनै नौलो, ठूलो काम गर्नुपर्यो या गम्भीर समस्या आयो भने सिङ्गापुरका प्रधानमन्त्री ली क्वान यूले आˆना मन्त्रीहरूलाई यस्तो अवस्था निश्चय पनि कुनै न कुनै देशमा आइसकेको हुनुपर्छ । उनीहरूले त्यो अवस्थालाई कसरी ह्यान्डल गरेछन्, पत्ता लगाउनोस् त भन्ने गर्थे रे । सदा सिक्ने रहर मइदियो भने धेरै काम आफै सरल भएर जान्छ । प्रसिद्ध अमेरिकी राष्ट्रपति जोन एफ केनेडीले नेतृत्व र सिक्ने रहर एकअर्कासँग अविभाज्य छन् भनेर त्यसै भनेका होइनन् ।

क्रमशः...

## विश्वकप विशेष

# विश्वकपको महाकुम्भ सुरू : दक्षिण कोरियाको विजयी सुरूआत




उत्तर अमेरिका । विश्व फुटबलको सबैभन्दा ठूलो प्रतियोगिता फिफा विश्वकप २०२६ सुरू भएसँगै विश्वभरका फुटबल समर्थकहरूको ध्यान अमेरिका, मेक्सिको र क्यानडातर्फ केन्द्रित भएको छ। ४८ टोली सहभागी भएको इतिहासकै सबैभन्दा ठूलो विश्वकपको उद्घाटन चरणमै दक्षिण कोरियाले चेक गणतन्त्रमाथि २–१ को पुनरागमन जित दर्ता गर्दै सुखद सुरूआत गरेको छ । समूह 'ए' अन्तर्गत मेक्सिकोको ग्वाडालाजारास्थित एक्रोन रंगशालामा शुक्रबार भएको खेलमा दक्षिण कोरिया एक गोलले पछि परेको अवस्थाबाट फर्किएको हो। पहिलो हाफ गोलरहित बराबरीमा सकिए पनि दोस्रो हाफमा चेक गणतन्त्रले लाडिसलाभ क्रेइचीको हेडिङ गोलमार्फत अग्रता लिएको थियो। त्यसपछि ह्वाङ ही–चानले बराबरी गोल फर्काए भने खेलको अन्त्यतिर ओ ह्युन–ग्युले निर्णायक गोल गर्दै दक्षिण कोरियालाई महत्वपूर्ण तीन अंक दिलाए। ४४ हजार ९ सय ८५ दर्शक उपस्थित खेलमा दुवै टोलीले आक्रामक प्रदर्शन गरेका थिए ।

विश्वकपको २३औं संस्करण यसपटक तीन राष्ट्रले संयुक्त रूपमा आयोजना गरिरहेका छन्। मेक्सिकोले ४२ वर्षपछि र अमेरिकाले ३२ वर्षपछि विश्वकप आयोजना गर्न लागेको हो भने क्यानडा पहिलो पटक आयोजक राष्ट्र बनेको छ। जुन ११ देखि सुरू भएको प्रतियोगितामा ४८ टोलीले कीर्तिमानी १०४ खेल खेल्नेछन्।

यसपटक विश्वकपको स्वरूपमा ठूलो परिवर्तन गरिएको छ। सहभागी टोली संख्या ३२ बाट बढाएर ४८ पुर्‍याइएपछि प्रतियोगितालाई १२ समूहमा विभाजन गरिएको छ। प्रत्येक समूहका विजेता र उपविजेतासहित उत्कृष्ट आठ तेस्रो स्थानका टोली पनि नकआउट चरणमा प्रवेश गर्नेछन्। यसअनुसार ४८ मध्ये ३२ टोली अन्तिम ३२ मा पुग्नेछन् भने १६ टोली मात्र समूह चरणबाट बाहिरिनेछन् ।

नयाँ संरचनाले धेरै टोलीलाई नकआउट चरण पुग्ने अवसर दिए पनि समूह चरणका केही खेल कम प्रतिस्पर्धात्मक हुन सक्ने विश्लेषण गरिएको छ । तेस्रो स्थानका टोलीसमेत अघिल्लो चरणमा पुग्ने सम्भावना भएकाले केही टोलीले जोखिम नलिई सावधानीपूर्वक खेल्न सक्ने अनुमान गरिएको छ । फुटबल विश्लेषकहरूका अनुसार यसले केही खेलको रोमाञ्चकता घटाउन सक्छ। फिफाले नकआउट चरणको ब्राकेट पनि शीर्ष वरियताका टोलीलाई ध्यानमा राखेर तयार गरेको छ । समूह विजेता बनेका बलिया टोलीहरु प्रतियोगिताको पछिल्लो चरणसम्म एकअर्कासँग नजुध्ने सम्भावना रहने गरी तालिका बनाइएकाले ठूला टोलीहरु प्रारम्भिक चरणमै बाहिरिने जोखिम कम भएको बताइन्छ ।

विश्वकप सुरू भएसँगै सबैभन्दा धेरै चासो उपाधि दाबेदार टोलीबारे देखिएको छ। समर्थकहरूले आ–आˆना टोलीलाई सम्भावित विजेता ठानिरहेका छन् भने फुटबल पण्डित, विश्लेषक र कृत्रिम बुद्धिमत्ता (एआई) आधारित पूर्वानुमानहरूले पनि सम्भावित च्याम्पियनबारे विभिन्न अड्कलबाजी गरिरहेका छन्। तर विश्व फुटबलको सर्वाधिक प्रतिष्ठित ट्रफी कसले उचाल्ने भन्ने प्रश्नको वास्तविक उत्तर भने जुलाई १९ मा हुने फाइनल खेलपछि मात्रै प्राप्त हुनेछ । इतिहासकै ठूलो आकारमा आयोजना भइरहेको विश्वकप २०२६ ले नयाँ संरचना, नयाँ अवसर र नयाँ प्रतिस्पर्धासँगै विश्व फुटबलमा अर्को ऐतिहासिक अध्याय थप्ने अपेक्षा गरिएको छ।

## दैनिक राशिफल

आज मिति २०८३ साल जेठ ३० गते शनिबार
13 June, 2026
तिथि: त्रयोदशी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि: ९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
| --- | --- | --- |
| मेष | चु चे लो ला लि लँ ले लो अ | मित्र मिलन, परिवारमा सुख । अध्ययन क्षेत्रमा सुधार । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | जीवनसाथीबाट धोका । आर्थिक पक्ष सवल । |
| मिथुन | का कि कु घ ङ छ के को हा | मावल पक्षबाट सहयोग । नयाँ ठाउँको भ्रमण । |
| कर्कट | चु चे लो ला लि लँ ले लो अ | ब्यापारमा नाफा । मन भने अशान्ति । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | स्त्रीसाथीबाट धोका । मन खिन्न । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | ब्यापार व्यवसायमा सफल । पठन पाठन सुधार । |
| तुला | हि हु हे हो डा डि डु डे डो | पाहुनाको आगमन । परिवारमा खुशीयाली । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | मानसम्मान मिल्ने । धर्मप्रति आस्था बढेर जाने । |
| धनु | य यो भा भी भ धा फा ढ भे | परिश्रम अनुसार फल प्राप्ती नहोला । मन दोधार रहने । |
| मकर | भो जा जी खि खू खे खो गा गी | नयाँ बस्त्रधारणको योग । स्वास्थ्यमा सुधार । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | स्वास्थ्यमा समस्या । खर्च बढेर जाने । मनमा चिन्ता । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | आर्थिक लाभ । मन खुशी । जीवनसाथीबाट भरपुर सहयोग । |




गतवर्षको भदौ २३ र २४ को आन्दोलनका क्रममा आगो लगाएर क्षति पुऱ्याएको दमक ट्राफिक प्रहरी कार्यालय यतिखेर रंगरोगन भईरहेको छ ।

अन्तर्राष्ट्रिय

## अमेरिका र इरानलाई राष्ट्रसंघको आब्हवान

एजेन्सी/ संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले अमेरिका र इरानलाई दिगो शान्ति सम्झौताका लागि आˆना प्रयासहरूलाई उच्च र दोब्बर बनाउन आह्वान गर्दै द्वन्द्वको पूर्ण पुनरूत्थान गर्ने कुनै पनि क्रियाकलापबाट बच्नु पर्ने कुरामा जोड दिएका छन् ।

इरानमाथि अमेरिकाले गरेको आक्रमण र खाडी लगायतकाका छिमेकी देशहरूमा इरानले गरेको प्रतिआक्रमण र शत्रुतापूर्ण क्रियाकलापबाट उल्लेखनीय वृद्धि सहित मध्यपूर्वमा जारी तनावबाट महासचिव गुटेरेस चिन्तित भएको संयुक्त राष्ट्रका प्रवक्ता स्टेफन डुजारिकले बताएका छन् ।

## बेलायती रक्षामन्त्रीको राजीनामा

एजेन्सी/ बेलायती रक्षामन्त्री जोन हेलीले राजीनामा दिएका छन् । प्रधानमन्त्री किर स्टार्मरसँग असन्तुष्टि जनाउँदै रक्षामन्त्री हेलीले पदबाट राजीनामा दिएका हुन् ।

प्रधानमन्त्री स्टार्मरले बढ्दो जोखिमबाट मुलुकलाई जोगाउन आवश्यक स्रोत उपलब्ध गराउन नसकेको भन्दै उनले राजीनामा दिएका हुन् । हेलीको राजीनामासँगै प्रधानमन्त्री स्टार्मरको सरकार पनि संकटमा परेको छ ।

बेलायती रक्षामन्त्री हेलीसँग केही दिनअघिमात्रै परराष्ट्रमन्त्री शिशिर खनालले भर्चुअल संवाद गरेका थिए । दुई देशका मन्त्रीबीच भएको संवादका क्रममा बेलायती सेनामा सेवा गर्ने गोर्खाली सैनिकको हकहितका विषयमा छलफल भएको थियो ।

# खानेपानीको अभावमा बसाईं सराई बढ्दै

खोटाङ/ खानेपानीको चरम समस्या भएपछि खोटाङका स्थानीय गाउँ छाडेर बसाईँ सर्न थालेका छन् । रावा बँसी गाउँपालिका-४ डुम्रेधारापानीस्थित डाँडागाउँ र कोटगाउँका ७५ प्रतिशतभन्दा बढी परिवार बसाइँ सरेका छन् ।

धारामा पानी नआएको बेला गाउँको एउटा कुवाबाट पालैपालो लाइन बसेर पानी भर्नुपर्ने बाध्यता रहेको स्थानीयको गुनासो छ । खानेपानी समस्या समाधानका लागि दूधकोशी नदीबाट लिफ्टिङ खानेपानी आयोजना निर्माणाधीन रहे पनि ढिलासुस्तीका कारण हालसम्म सम्पन्न हुन सकेको छैन ।

खानेपानी समस्या समाधानका लागि छिमेकी ऐसेलुखर्क गाउँपालिका-६ ज्यामिरेबाट पानी ल्याइएको भए पनि पर्याप्त छैन । धेरै बस्तीमा एउटै स्रोतको पानी वितरण गर्नुपर्ने भएकाले दैनिक केही घण्टा मात्र धारा चल्ने गरेको सरोज निरौलाले बताए । हिउँदमा भने पानीको चरम अभाव हुने गरेको छ ।

खानेपानी र जंगली जनावरको समस्याबाट आजित भएर गाउँ छाड्नेहरूको घर अहिले भग्नावशेषमा परिणत भएका छन् । खेतीयोग्य जमिन क्रमशः झाडी र वनमा परिणत हुँदै गएको छ ।

साविक डुम्रेधारापानी गाविस( ७ अन्तर्गत पर्ने डाँडागाउँ र कोटगाउँमा एक समय करिब १०० घरधुरीको बसोबास थियो । हाल भने २३ घरधुरी मात्र बाँकी रहेका छन् । गाउँमा रहेका परिवारसमेत खानेपानी अभाव र बँदेल तथा बाँदरले अन्नबाली नष्ट गर्न थालेपछि स्थानीय आजित बनेका छन् ।

कोटगाउँका मुमबहादुर निरौला हरेक दिन आफ्नो मकैबारी पुगेर नष्ट भएको बाली हेर्दै चिन्तित हुन्छन् । यस वर्ष पनि उनको मकैबारीमा बँदेलले क्षति पुऱ्याएको छ । डाँडागाउँका भूपध्वज निरौलाको राम्रोसँग हुर्किएको मकैसमेत बँदेलले भाँचेर नष्ट गरेको छ ।

स्थानीय सरोज निरौलाका अनुसार डाँडागाउँका केही परिवारले मिलेर बीच गाउँमा गोठ निर्माण गरेका छन् । त्यही गोठमा बसेर उनीहरु रातभर बँदेल धपाउने काम गर्छन् । "राति ११ देखि बिहान ३ बजेसम्मको समयमा हुल बाँधेर आएका बँदेलले मकै सखाप पार्छन्," भूपध्वज निरौलाले भने ।

स्थानीयका अनुसार बँदेल २८(३० वटासम्मको समूह बनाएर गाउँ पस्ने गरेका छन् । बँदेलले मकै, कोदो, जुनेलो, दाललगायतका बाली खाएर, भाँचेर र उखेलेर नष्ट गर्ने गरेको छ । बाली जोगाउन कठिन भएपछि कतिपयले खेती गर्न छाडेका छन् भने कतिपय परिवार गाउँ नै छाडेर बसाइँ सरेका छन् । एक सय घरधुरी रहेको गाउँ अहिले २३ घरधुरीमा सीमित भएको छ । १५ घरधुरी रहेको कोटगाउँमा अहिले तीन घर मात्र बाँकी रहेका छन् ।

स्थानीय पुस्मलाल निरौलाका अनुसार माथिल्लो भेगमा बँदेल र तल्लो भेगमा बाँदरले खेतीपाती नष्ट गर्न थालेपछि थप परिवार गाउँ छाड्ने सोचमा छन् । बाँदरले खेतबारीका बाली मात्र नभई घरभित्र राखिएको अन्नसमेत खाने गरेको उनले बताए ।

# अन्तर विद्यालय स्तरीय हाजिरीजवाफ प्रतियोगिता



दमक/ झापाको दमकमा अन्तर विद्यालय नगर स्तरीय हाजिरीजवाफ प्रतियोगिता सम्पन्न भएको छ । दमक नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको आयोजनामा यस्तो प्रतियोगिता आयोजना गरिएको हो । शुक्रबार फाइनल राउण्डमा दमकका आठ वटा माध्यमिक विद्यालयका विद्यार्थीहरूलाई सहभागी गराएर यस्तो प्रतियोगिता सम्पन्न भएको हो ।

प्रतियोगितामा प्रजिता एजुकेशनल एकेडेमी प्रथम, सिंहदेवी माध्यमिक विद्यालय दोश्रो र ग्लोबल एजुकेशनल एकेडेमी तेश्रो स्थान प्राप्त गर्न सफल भएका छन् । प्रथम हुनेलाई नगद २५ हजार, दोश्रो हुनेलाई १८ हजार र तेश्रो हुने विद्यालयको टोलीलाई १२ हजार नगद पुरस्कार प्रदान गरिएको छ । विजेता टोलीहरूलाई नगद सँगै प्रमाण(पत्र, मेडल र ट्रफी प्रदान गरिएको दमक नगरपालिकाका शिक्षा शाखा प्रमुख प्रविण खड्काले जानकारी गराए । सान्त्वना पुरस्कार पाउने हिमज्योति अंग्रजी मा. वि. को टोलीलाई भने नगद ७ हजार, मेडल र ट्रफी प्रदान गरिएको छ ।

त्यसैगरी सोही कार्यक्रममा २०८२ सालको एसईई परीक्षामा ४ जीपीए ल्याउने दमकका १५ जना उत्कृष्ट विद्यार्थीहरूलाई २०८२ सम्मान गरियो । जसमा ग्लोबल एजुकेशनल एकेडेमीका ५ जना, हिमालय माध्यमिक विद्यालयका २ जना, एकता एकेडेमी २ जना, झापा मोडल अंग्रेजी स्कूलका २ जना, एभरेष्ट अंग्रेजी माध्यमिक विद्यालयका २ जना, सिद्धार्थ अंग्रेजी मा.वि. का १ जना र सनराइज मोडल अंग्रेजी मा.वि. का १ जना विद्यार्थी रहेका छन् । ती सबैलाई जनही नगद १५ हजार पुरस्कार दिनुका साथै प्रमाण पत्र र दोसल्ला दिएर सम्मानित एवं पुरस्कृत गरिएको शिक्षा शाखा अधिकृत सोमनाथ गुरागाईले बताए ।

अर्कातर्फ शैक्षिक सत्र २०८२ को कक्षा ८ को वार्षिक परीक्षामा ४ जीपीए ल्याउने २ जना विद्यार्थी ऋसिका न्यौपाने (पाणिनी मा.वि.) र प्रमिशा चौहान (लालीगुराँस मोडल स्कूल दमक(३) लाई पनि जनही नगद १०/१० हजार पुरस्कार साथै प्रमाण पत्र पनि दिइएको छ । एसईई र कक्षा ८ को परीक्षामा उत्कृष्ट अंक ४ जीपीए ल्याउने विद्यालयका प्रधानाध्यापकहरूलाई पनि सोही कार्यक्रममा दोसल्ला ओडाएर सम्मान गरिएको छ ।

पूर्वतयारीका सन्दर्भमा कुराकानी गर्ने क्रममा आर्थिक मामिला तथा योजनामन्त्री विदुरकुमार लिङ्थेपले प्रदेशको वित्तीय अवस्था संकटोन्मुख रहेको बताएका छन् ।

'हामीले वार्षिक १५ अर्ब हाराहारी पुँजीगत बजेट बाँड्ने हैसियत राख्छौँ, तर २०औँ अर्बको बहुवर्षीय आयोजना स्वीकृत गरेर बसेका छौँ । अहिले कोशी प्रदेशको थाप्लोमा २० अर्ब ६१ करोड १५ लाख रूपैयाँ बराबरको बहुवर्षीय आयोजनाको बाँकी दायित्व छ, जुन प्रदेशको वार्षिक वास्तविक पुँजीगत बजेटभन्दा बढी हो, उनले भने ।

संसोधन अनुसार बजेटको आकार ३२ अर्ब ४५ करोड ६४ लाख रूपैयाँमा झारिएको छ । कोशी प्रदेशमा २०७५/०७६ सालदेखिका बहुवर्षीय आयोजना अझै सम्पन्न हुन सकेका छैनन् । प्रदेश सरकारले चालु आर्थिक वर्षका लागि सुरूमा ३५ अर्ब ८७ करोड ९९ लाख रूपैयाँको कुल बजेट विनियोजन गरेको थियो, तर स्रोतको उपलब्धता कमजोर देखिएपछि र संघीय सरकारले दिने अनुदानमा कटौती गरेपछि बजेटको आकार झन्डै १० प्रतिशतले घटाउन सरकार बाध्य भएको छ ।

**विपद्....**वटा चट्याङ, दुई( दुई वटा पहिरो र नदीजन्य विपद्का घटना तथा अन्य विभिन्न प्रकारका विपद्का घटना दर्ता भएका छन्। सर्पदंशबाट दुई जना, आगलागीमा एक जना, लेकसम्बन्धी घटनामा एक जना र केबलकार दुर्घटनामा एक जनाको मृत्यु भएको प्राधिकरणले जनाएको छ। विपद्का कारण करिब १८ लाख रूपैयाँभन्दा बढीको क्षति भएको छ ।

यसैबीच, काभ्रेपलाञ्चोकको नमोबुद्ध नगरपालिका-२ बुचाकोटमा शुक्रबार यात्रुवाहक बस दुर्घटना हुँदा आठ जनाको मृत्यु भएको छ। बनेपाबाट रोशी गाउँपालिकातर्फ जाँदै गरेको अरनिको यातायातको बस बीपी राजमार्गबाट करिब २०० मिटर तल खसेको थियो। दुर्घटनामा १६ जना घाइते भएका छन्, जसमध्ये केहीको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ। घाइतेहरूको धुलिखेल अस्पतालमा उपचार भइरहेको छ ।

यता धनकुटामा पनि शुक्रबार अर्को बस दुर्घटना भएको छ । संखुवासभाबाट धरानतर्फ जाँदै गरेको यात्रुवाहक बस कोशी राजमार्गअन्तर्गत धनकुटा नगरपालिका-९ च्याङच्याङबारी क्षेत्रमा अनियन्त्रित भई पल्टिँदा ११ जना घाइते भएका छन्। बसमा १५ जना यात्रु सवार रहेको प्रहरीले जनाएको छ। घाइतेहरूको उद्धार गरी स्थानीय स्वास्थ्य संस्थामा उपचारपछि थप उपचारका लागि धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पठाइएको छ ।

देशभर विपद्का घटना र सवारी दुर्घटनाको श्रृंखला बढिरहेका बेला सम्बन्धित निकायले सतर्कता अपनाउन र जोखिम न्यूनीकरणका उपाय प्रभावकारी बनाउन आग्रह गरेका छन् ।

**ज्येष्ठ....**भइरहेको छ भने कतिपयलाई अक्सिजनको समेत आवश्यकता पर्ने अवस्था रहेको छ ।

ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ तथा फौजदारी कसुर (कैद कट्टा) नियमावली, २०७६ ले निश्चित उमेर समूहका वृद्ध कैदीलाई कैद छुट दिन सकिने व्यवस्था गरेको छ । कानुनअनुसार ६५ देखि ७० वर्ष उमेर समूहलाई २५ प्रतिशत, ७० देखि ७५ वर्षलाई ५० प्रतिशत र ७५ वर्षमाथिकालाई ७५ प्रतिशतसम्म कैद छुट दिन सकिने प्रावधान छ। केही गम्भीर अपराधमा सजाय पाएका व्यक्तिहरु भने यस सुविधाबाट वञ्चित हुन्छन् ।

कानुनले अशक्त वा ७५ वर्षमाथिका कैदीलाई हेरचाह केन्द्रमा राख्न सक्ने व्यवस्था समेत गरेको छ। तर महिला, बालबालिका तथा ज्येष्ठ नागरिकसम्बन्धी सरोकारवाला निकायका अनुसार देशभर हालसम्म एउटा पनि हेरचाह केन्द्र स्थापना हुन सकेको छैन ।

**५८....**खेलकुद र भौतिक पूर्वाधार विकाससँग सम्बन्धित योजनामा बजेट सुनिश्चित भएको भन्दै खुशी व्यक्त गरेका छन्। उनीहरूका अनुसार यी योजनाको कार्यान्वयनले लामो समयदेखि देखिएका खानेपानी तथा पूर्वाधारसम्बन्धी समस्याको समाधानमा सहयोग पुग्नेछ।

विनियोजित बजेटले धरानको समग्र विकासलाई गति दिने, आधारभूत सेवा प्रवाहमा सुधार ल्याउने तथा नागरिकको जीवनस्तर उकास्न योगदान पुग्ने विश्वास व्यक्त गरिएको छ।

**उद्यमी.....**समूहका सदस्यहरूलाई सिलाइ मेशिनहरू हस्तान्तरण गरे । जसमा सिलाइ मेशिन ज्याक ४ थान, सिलाइ मेशिन २१ थान र इन्टलक मेशिन १ थान गरी २६ थान यस्ता मेशिनहरू वितरण गरिएको हो । सीप सिकेका महिलाहरूलाई स्वरोजारी र उद्यम विकासको हेतु प्रेरणा मिल्ने उद्देश्यले यस्तो सहयोग गरिएको दमक नगर प्रमुख थापाले बताए ।

यस्तो सहयोग पाउनेहरूमा दमक-८ को हातेमालो लघु उद्यमी समूह, दमक-९ को जनज्योति लघु उद्यमी समूह र दमक-१० को उन्नतिशील लघु उद्यमी समूह रहेका छन्। दमक-२ की फारा धिमाल र दमक-९ की जानुका भट्टराईले पनि यस्तो सहयोग पाएका छन् ।

## ट्रेड युनियन खारेजीको निर्णय सर्वोच्चबाट सदर

दमक/ ट्रेड युनियन खारेजी गर्ने सरकारको निर्णय सर्वोच्चबाट सदर गरिदिए सँगै अब ट्रेड युनियन खारेज हुने भएका छन् ।

सर्वोच्च अदालतको संवैधानिक इजलासले निजामती कर्मचारी तथा शिक्षकहरूको ट्रेड युनियन खारेज गर्ने सरकारको निर्णय कार्यान्वयनका लागि बाटो खुला गरिदिएको छ ।

प्रधानन्यायाधीश डा.मनोजकुमार शर्माको अध्यक्षतामा बसेको संवैधानिक इजलासले यसअघि सर्वोच्चले जारी गरेको अन्तरिम आदेशलाई निरन्तरता नदिने निर्णय गर्दै सरकारको निर्णय कार्यान्वयनको बाटो खोलेको हो ।

इजलासमा न्यायाधीशहरु नहकुल सुवेदी, विनोद शर्मा, अब्दुल अजिज र महेश शर्मा पौडेल सदस्य रहेका थिए । अदालतको आदेशसँगै अध्यादेशमार्फत अघि बढाइएको निजामती कर्मचारी तथा शिक्षकहरूको आधिकारिक ट्रेड युनियन खारेजी प्रक्रिया कार्यान्वयन हुने भएको छ ।

सरकारले सार्वजनिक प्रशासनलाई थप निष्पक्ष, व्यावसायिक र प्रभावकारी बनाउने भन्दै निजामती कर्मचारी तथा शिक्षकहरूलाई ट्रेड युनियन गतिविधिबाट अलग गर्ने नीति अघि सारेको थियो। सो निर्णयविरूद्ध विभिन्न कर्मचारी तथा शिक्षक संगठनहरूले सर्वोच्च अदालतमा रिट दायर गरेका थिए । यसअघि अदालतले खारेजी कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश जारी गरेको थियो ।

## कमलमा स्वास्थ्य अभिमुखीकरण

*दमक / झापाको कमल गाउँपालिका स्वास्थ्य शाखाको आयोजनामा किशोरकिशोरी मैत्री स्वास्थ्य अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ । गाउँपालिकालाई किशोरकिशोरी मैत्री स्वास्थ्य गाउँपालिका स्थापना गर्ने उद्देश्यका साथ विभिन्न चरणमा स्वास्थ्य सचेतनामूलक कार्यक्रमहरु अघि बढाइएको हो ।*

*यसै अभियान अन्तर्गत हालै कमल गाउँपालिका वडा नं. ६ स्थित लखनपुर स्वास्थ्य चौकीमा एक विशेष अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ ।*

*कार्यक्रममा किशोर-किशोरीहरूको शारीरिक तथा मानसिक विकास, प्रजनन स्वास्थ्य र यस उमेर समूहमा आउने विभिन्न स्वास्थ्य चुनौती तथा समाधानका उपायहरूका बारेमा जानकारी गराइएको थियो ।*

## ३९ जना....

सम्पत्ति शुद्धीकरणमा संलग्न रहेको आरोपसहित मुद्दा दायर गरिएको छ ।

यस मुद्दाले नियामक निकायलाई समेत छोएको छ । नेपाल बीमा प्राधिकरणका तत्कालीन अध्यक्षद्वय शरद ओझा र मदन दाहालमाथि पदमा रहँदा गैरकानुनी गतिविधिलाई सहयोग गरेको आरोप लगाउँदै ३ अर्ब ५० करोड रूपैयाँभन्दा बढी बिगो दाबी गरिएको छ ।

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका अनुसार धितोपत्र बजार, बीमा क्षेत्र र वित्तीय संस्थाहरूको प्रयोग गरी योजनाबद्ध रूपमा सम्पत्ति आर्जन गरिएको प्रारम्भिक निष्कर्षपछि विस्तृत अनुसन्धान गरिएको थियो । अनुसन्धानले विभिन्न कम्पनी, व्यक्तिको बैंक कारोबार, सेयर खरिद-बिक्री, लगानी प्रवाह र सम्पत्ति विवरणको अध्ययन गरेको जनाएको छ ।

**कोशीले....**गरेको छ । लामो समयदेखि थपिँदै गएका बहुवर्षीय आयोजनाका कारण सिर्जित वित्तीय चापलाई कम गर्न सरकारले नयाँ आयोजना स्वीकृतिको सीमामा भने कडाइ गर्ने भएको छ ।

आर्थिक मामिला तथा योजना मन्त्रालयका प्रवक्ता एवं उपसचिव सुशील बाँस्तोलाका अनुसार हाल प्रदेशमा बहुवर्षीय आयोजनाको दायित्व २० अर्ब हाराहारी छ । यसलाई घटाउने गरी मन्त्रालयले गृहकार्य गरिरहेको छ । 'अहिले २० अर्ब जतिको दायित्व छ । त्यसमा क्रोनिक (लामो समयदेखि अल्झिएका) दायित्व कटाउँदा १६-१७ अर्ब होला,' उनले भने ।

बाँस्तोलाका अनुसार सरकारले चालु आर्थिक वर्षमा पुराना दायित्वहरुलाई उल्लेखनीय रूपमा फर्स्योट गरिरहेको छ । 'यसपालि लगभग अहिलेसम्म ३ अर्ब घटेको छ । आर्थिक वर्षको अन्त्यसम्ममा थप १ अर्बसम्म घट्दा ४ अर्ब घट्छ । त्यसो हुँदा अब १३ देखि १४ अर्बमा दायित्व सीमित हुने अनुमान छ,' उनले भने ।

नयाँ आयोजना थप गर्न सकिने सीमाबारे स्पष्ट पार्दै प्रवक्ता बाँस्तोलाले भने, 'त्यो १४ अर्बमा बढीमा ४ देखि ५ अर्बसम्म बहुवर्षीयमा जान सकिन्छ ।'

मन्त्रालयले भौतिक पूर्वाधार क्षेत्रमा अत्यधिक आयोजना केन्द्रित भएको महसुस गर्दै अबका नयाँ बहुवर्षीय आयोजनामा क्षेत्रगत सन्तुलन कायम गर्ने नीति लिएको छ । विशेषगरी खानेपानी, सिँचाइ जस्ता नागरिकको प्रत्यक्ष जीवनसँग जोडिएका क्षेत्रलाई प्राथमिकता दिइनेछ ।

नयाँ व्यवस्था अनुसार आगामी वर्षको बजेट सिलिङभित्रै व्यवस्थापन गर्ने गरी सम्बन्धित सचिवले प्रमाणित गरेको प्रतिबद्धता पत्रका आधारमा मात्र सीमित सर्तसहित बहुवर्षीय आयोजना अगाडि बढाउन सकिने उल्लेख थियो । नयाँ कार्यविधि स्वीकृत भएपछि बहुवर्षीय आयोजनाहरूको सिफारिस र व्यवस्थापन थप व्यवस्थित हुने आर्थिक मामिला मन्त्रालयको अपेक्षा छ ।

चालु आर्थिक वर्षको अर्धवार्षिक बजेट समीक्षा र आगामी आर्थिक वर्षको

मनकामना डेन्टल केयर
विशेष अफरका साथ
यहाँ आधुनिक प्रविधिबाट दाँत र मुख सम्बन्धी सम्पूर्ण उपचार विशेष छुटका साथ गरिन्छ ।

Dr. Nabin Kant Chaudhary
Consultant Oral & Dental Surgeon
BDS Bangladesh (RU) NMC No.: 19332
दमक-६, थानारोड (झापा)
Call : 9819041615/9810315415

लाईफ लाईन अस्पताल प्रा.लि.
दमक-५, झापाको
सुपर स्पेशियालिटी ओपीडी सेवाहरु
प्रत्येक शनिबार
१. डा. रामसागर शाह : बरिष्ठ युरोलोजिष्ट
२. डा. खुशबु प्रिया मिश्र : बरिष्ठ ग्यास्ट्रोईन्टरोलोजी
३. डा. सन्तोष सुवेदी : बरिष्ठ नफ्रोलोजिष्ट
४. डा. सम्पन्न बुढाथोकी : बरिष्ठ कार्डियोलोजिष्ट
सम्पर्क : ९८०१४१४२८६, ९८०१४१४२८३
समय : बिहान १० बजेदेखि २ बजेसम्म ।

प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, कार्यालय: दमक-५, झापा, फोन: ०२३-५७०२७२, प्रबन्धक: सुवासचन्द्र भट्टराई, मुद्रण: ज्योति अफसेट प्रेस, कार्यकारी सम्पादक: खगेन्द्र कार्की E-mail:purbasandesh@yahoo.com ले-आउट: सुरेन बस्नेत सल्लाहकार : पंकज दाहाल